(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१

लालमोहर र प्रकाशन मिति
२०३१।६।२०

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| १. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६← | २०६६।१०।७ |
| २. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०३१ सालको ऐन नं. १२

2.............

खर्क जग्गालाई राष्ट्रियकरण गर्न बनेको ऐन

प्रस्तावना:सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न खर्क जग्गालाई राष्ट्रियकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः(१) यस ऐनको नाम "खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन नेपाल 2......... भर लागू हुनेछ ।

(३) यो ऐन नेपाल सरकारले तोकिदिएको जिल्लामा तोकिएको मिति देखि प्रारम्भ हुनेछ ।✱

२. परिभाषा:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

← यो ऐन संवत् २०६५ साल जेठ१५ गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६द्वारा झिकिएको।

✱ मिति २०३३।९।२७ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम काभ्रेपलान्चोक, सिन्धुपाल्चोक र रसुवा जिल्लाहरुमा मिति २०३३।१०।१ देखि ऐन प्रारम्भ हुनेगरी तोकिएको ।

(क) "खर्क जग्गा" भन्नाले अड्डा खानामा दर्ता गराई वा नगराई खर्क, खर्कचोक आदि कुनै नामले पशुचरनलाई मात्र प्रयोग गरी आएको जग्गालाई सम्झनु पर्छ ।

(ख) "दर्तावाला" भन्नाले प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकारमा मालपोत वा खर्चरी रकम तिर्नु पर्ने गरी आफ्नो नाममा वा सामूहिक रुपले खर्क जग्गा दर्ता गरी सो दर्ताको नाताले खर्क जग्गामा हक हुने व्यक्ति वा व्यक्तिहरु सम्झनु पर्छ ।

(ग) "माल कार्यालय" भन्नाले माल कार्यालय रहेको ठाउँमा माल कार्यालय र सो नरहेको ठाउँमा भूमि प्रशासन कार्यालयलाई सम्झनु पर्छ ।

३. <u>खर्क जग्गाको राष्ट्रियकरणः</u>यो ऐन प्रारम्भ भएको मिति देखि नेपाल [2]......... मा भएका सबै खर्क जग्गा राष्ट्रियकरण भै सो जग्गाको स्वामित्व नेपाल सरकारमा सर्नेछ र यो ऐन प्रारम्भ हुनुभन्दा अघि त्यस्तो खर्क जग्गामा रहेको दर्तावालाको स्वामित्व सम्बन्धी हक स्वतः समाप्त हुनेछ ।

तर,–

(क) निजी उपयोगका लागि चरनमा मात्र प्रयोग गरी आएको भए पनि प्रचलित नेपाल कानूनले तोकिएको हदबन्दीभित्रको जमीन भए दर्तावालाले राख्न पाउनेछ ।

(ख) यो ऐन लागू भएपछि पनि देहायको कामको लागि नेपाल सरकारले प्रचलित ऐन कानून बमोजिम छुट दिन सक्नेछः–

(क) फलफूल खेती,

(ख) पशुपालन,

(ग) जडीबूटी खेती,

(घ) चिया खेती ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

४. <u>क्षतिपूर्ति दिने</u>:(१) दफा ३ बमोजिम राष्ट्रियकरण भएको खर्क जग्गाको दर्तावालालाई नियमद्वारा गठित समितिको सिफारिसमा नेपाल सरकारले क्षतिपूर्तिको न्यायोचित रकम निर्धारण गर्नेछ ।

त्यस्तो समितिमा सम्बन्धित ■............... स्थानीय गाउँकार्यपालिकाको अध्यक्ष वा निजहरुको प्रतिनिधि पनि रहने छन् ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन आउनु भनी माल कार्यालयले सम्बन्धित दर्तावालाहरुको जानकारीको लागि सूचना टाँस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना टाँस भएको मितिले एक वर्षभित्र दर्तावालाले क्षतिपूर्ति पाउनको लागि आफ्नो हक भोगको सबुत प्रमाण संलग्न गरी सम्बन्धित माल कार्यालयमा निवेदन दिनु पर्नेछ ।

तर कुनै व्यक्तिले सूचना टाँस भएको एक वर्षसम्म पनि निवेदन दिन नआएमा सो क्षतिपूर्तिमा पछि निजको कुनै दाबी लाग्ने छैन ।

(४) उपदफा (३) बमोजिम पर्न आएको निवेदन माथि आवश्यक जाँचबुझ गरी माल कार्यालयले दर्तावालाहरुलाई तिरो दामासाहीले क्षतिपूर्ति दिनेछ ।

तर क्षतिपूर्ति पाउने हक वा क्षतिपूर्तिको अङ्क सम्बन्धी प्रश्न उठेमा अदालतबाट ठहर भए बमोजिम माल कार्यालयले क्षतिपूर्ति दिनु पर्नेछ ।

५. <u>खर्क जग्गाको व्यवस्था</u>:(१) नेपाल सरकारले दफा ३ बमोजिम राष्ट्रियकरण गरिएको खर्क जग्गाको छुट्टै लगत माल कार्यालयमा राख्न लगाई सो जग्गाको संरक्षण र पशु चरनको लागि स्थानीय ▣<u>गाउँपालिका</u>को जिम्मा दिनेछ ।

तर एकभन्दा बढी ▣<u>गाउँपालिका</u>को सन्धि सर्पन पर्ने खर्क जग्गा एक भन्दा बढी ▣<u>गाउँपालिका</u>लाई दिन नेपाल सरकारलाई यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

---

■ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

(२) उपदफा (१) बमोजिम आफ्नो जिम्मामा आएको खर्क जग्गाको संरक्षण र सुधार गरी स्थानीय ▣गाउँपालिकाले चरनको काममा बाहेक सो जग्गा अन्य काममा प्रयोग गर्न वा गराउन पाउने छैन ।

६. चरी रकम लिई वस्तु भाउ चराउन दिइने:(१) ▣गाउँपालिकाले आफ्नो अधीनस्थ खर्क जग्गामा चौरीगाई, गाई, भैंसी, घोडा, खच्चर आदि ठूलो जनावर प्रत्येकको बढीमा तीन रुपैयाँसम्म र बाख्रा, खसी, बोका, भेडा, च्याङ्ग्रा आदि सानो जनावर प्रत्येकको बढीमा एक रुपैयाँसम्म वार्षिक चरी रकम लिई अघिदेखि सो खर्कमा चराई आएको समेत सबैको बस्तुभाउ चराउन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम असुल भएको चरी रकम ▣गाउँपालिका कोषमा जम्मा गरिनेछ ।

७. ▣गाउँपालिका☑लाई निर्देशन दिने अधिकार:नेपाल सरकारले आवश्यक देखेमा खर्क जग्गाको संरक्षण, सुधार र चरनको लागि ▣गाउँपालिकालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सो ▣गाउँपालिकाको कर्तव्य हुनेछ ।

८. नियम बनाउने अधिकार:यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

☑ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

द्रष्टव्य:- (१) गाउँविकास समिति ऐन, २०४८ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
“गाउँसभा”वा “गाउँपञ्चायत” को सट्टा “गाउँविकास समिति” ।

(२) जिल्ला विकास समिति ऐन, २०४८ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
(क) “जिल्ला सभा” को सट्टा “जिल्ला परिषद्”
(ख) “जिल्ला पञ्चायत“ को सट्टा “जिल्ला विकास समिति”।

(३) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
“श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार”।

(४) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
“गाउँविकास समितिका अध्यक्ष” को सट्टा “गाउँ कार्यपालिकाको अध्यक्ष”।

*(मिति २०८१।११।१९ गते अद्यावधिक गरेको)*